# शहिद लखन गाउँपालिका संक्षिप्त परिचय

शहिद लखन गाउँपालिका नेपालको संविधान २०७२ को कार्यान्वयनको क्रममा स्थानीय तहको गठन आदेश वमोजिम  मिति २०७३ फागुन २७ गते गठन भएको हो। गोरखा जिल्लाको दक्षिणपूर्वी भागमा रहेको यस गाउँपालिकामा साविकका बक्राङ्ग, मनकामना, ताक्लुङ्ग, घैरुङ्ग, बुंकोट र नामजुङ्ग गा.वि.स.हरु समावेश भइ यस गाउँपालिकाको गठन भएको हो। यसको क्षेत्रफल १४९.०३ वर्ग कि.मी. र २०७८ सालको जनगणना अनुसार यस गाउँपालिकाको जनसंख्या २३०७६ (पुरुष १०८०७ र महिला १२२६९) रहेको छ। यस गा.पा. को सिमानामा पूर्वमा भीमसेन थापा गा.पा., गण्डकी गा.पा. र धादिङ्ग जिल्ला, पश्चिममा गोरखा न.पा. र तनहुँ जिल्ला, उत्तरमा भीमसेन थापा गा.पा र गोरखा न.पा., दक्षिणमा गण्डकी गा.पा., तनहुँ र चितवन जिल्ला रहेको छ। यस गाउँपालिकामा मगर, गुरुङ्ग, नेवार, क्षेत्री, ब्राह्मण, चेपाङ्ग र दलितहरुको मुख्य बसोबास रहेको छ भने अन्य जातिमा बराम, मुस्लिम, माझी आदिको पनि बसोबास रहेको छ।

यस गाउँपालिका बुढीगण्डकी, त्रिशुली, दरौंदी, लुदी खोला र ज्यादुल खोलाको बीचमा अवस्थित रहेको छ। यस बाहेक ज्यादुल खोला, बही खोला, जुग्दी खोला, राङ्दी खोला यस गाउँपालिकाका मुख्य नदीहरु हुन्। यिनै नदीहरुको किनारमा ज्यादुल फाँट, बराह फाँट, माझिटार, लुदी फाँट, करनटार, जुग्दीफाँट, कल्लेरी फाँट, गह्रौथली फाँट, सिलिङ्गटार, ठेउवाटार आदि जस्ता उर्बर भूमि रहेका छन्। यहाँका प्रसिद्ध धार्मिक तथा सांस्कृतिक तिर्थ स्थलहरुमा मनकामना मन्दिर, त्रिवेणी मन्दिर, बक्रेश्वरी मन्दिर, सिद्ध लखन गुफा, हिमालामाई मन्दिर, अर्लाङ्दी माईको मन्दिर भीमविरेश्वर महादेव, कोटकाली, थानीथान, सन्तानेश्वर महादेवको मन्दिर, वर्चुली थान, बालेश्वरी मन्दिर, मकैपुर बौद्ध गुम्बा आदि रहेका छन्। नेपालकै प्रथम शहिद लखन थापा मगर र जैयसिंह चुमी मगरको रगतले सिंचित बुंकोटको काहुले भंगार अर्को ऐतिहासिक पर्यटकीय गन्तव्य स्थल हो।

## राष्ट्रिय जनगणना २०७८ अनुसार गाउँपालिकाको तथ्यांकीय विवरण

| स्थानीय तह | २०६८ | | २०७५ | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | परिवार संख्या | जम्मा जनसंख्या | परिवार संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | परिवार को औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसंख्या वृद्धिदर(%) | जनघनत्व | साक्षरता दर (प्रतिशतमा) | | |
| | | | | | | | | | | | जम्मा | पुरुष | महिला |
| शहिद लखन गाउँपालिका | ६६८२ | २७५५५ | ६८५६ | २३०७६ | १०८०७ | १२२६९ | ३.३७ | ८८.०८ | -१.७० | १५५ | ७१.१८ | ७९.७३ | ६३.७९ |

## नेपालका प्रथम सहिदः लखन थापा मगर

नेपालका प्रथम शहिद लखन थापा मगरको जन्म वि.सं. १८९१ मा गोरखा जिल्लाको शहिद लखन गाउँपालिका वडा नं. ७ स्थित काहुले भंगार भन्ने गाउँ (साविक वुङ्कोट गा.वि.स. वडा नं. ४) मा भएको थियो। आफ्नो माता-पिताको जुम्ल्याहा सन्तानमध्ये कान्छो सुपुत्र भएकाले लखनको वास्तविक नाम लक्ष्मणसिंह थापा राखिएको थियो। त्यतिवेला नेपालमा सर्वसाधारण जनताहरुले औपचारिक शिक्षा हासिल गर्नको लागि कुनै व्यवस्था नभएकाले लखन थापाले तेश्रो गोरखा राइफल्समा कार्यरत नातेदारको फेमिली क्वार्टरमा बसेर भारतको अलमोडामा शिक्षा हासिल गरी नेपाल फर्किएर वि.सं. १९११ मा पुख्यौली मगर पल्टन (पुरानो गोरख पल्टन)मा भर्ना भएका थिए। तत्कालिन समयमा नेपाली जनताहरु जंग बहादुर राणाद्वारा सुत्रपात गरिएको निरंकुश जहाँनिया शासनको जाँतोमुनि पिल्सिएर बस्नु परेको थियो। जंग बहादुरको अधिनायकवादी हुकुमी शासन विरुद्ध कोही कसैले ’चुँ÷ सम्म गर्न सक्ने स्थिति थिएन। निरंकुश राणा शासनबाट त्रसित नेपाली समाजमा ’कालको औषधि छैन, हुकुमको जवाफ छैन÷ भन्ने आहान नै चलेको थियो। नेपालमा जंग बहादुरको निरंकुश शासन रहेको वखत भारतमा अंगे्रजको औपनिवेशिक शासन कायम थियो। १० मे १८५७ ई.सं. को मेरठ गोलीकाण्डपछि भारतमा अंग्रेज उपनिवेशको विरुद्धमा सैनिक विद्रोहको जन्म भयो। भारतीय स्वतन्त्रताको पक्षमा भएको विद्रोहले उग्र रुप लिएपछि भारतीय-अंग्रेज सरकारले सैनिक सहायताका लागि नेपालका प्रधानमन्त्री जंग बहादुर राणालाई पत्र लेख्यो। टेक बहादुर खत्रीद्वारा लिखित नेपालको सैनिक इतिहास पुस्तकमा लेखिए अनुसार ई.सं. १८५७ डिसेम्बर १० का दिन जंग बहादुर राणा स्वयम् २७ वटा नेपाली पल्टनको नेतृत्व गर्दै नौ हजार नेपाली सैनिकका साथ भारत प्रस्थान गरे। १० मार्चका दिन जंग बहादुर आफ्नो फौजसहित भारतको लखनउ शहर पुगेको भोलिपल्ट देखि नै अंगे्रज र नेपाली संयुक्त फौजले लखनउका विभिन्न स्थानमा फौजी कारवाही संचालन गरी भारतीय स्वतन्त्रताका निम्ति विद्रोह गर्नेहरुमाथि निर्ममतापूर्वक दमन गर्यो। पुरानो गोरखा पल्टनसंगै लखनउ पुगेका लखन थापा मगर लगायत नेपाली सेनाका जनप्रेमी व्यक्तित्वहरु यस घटनाबाट क्षुब्ध भए। जंग बहादुर राणाले भारतीय जनताद्वारा स्वतन्त्रता प्राप्तिका खातिर गरिएको आन्दोलनलाई दवाउन भारतीय अंग्रेजलाई सहयोग गरेकाले त्यतिवेला नै ’जंग बहादुरले नेपाल म्लेच्छ (अंग्रेज) लाई बेच्यो भनी लखन थापाले उद्घोष गरेका थिए। स्वतन्त्रताको निम्ति भारतीय जनताहरुले गरेको कठिन संघर्ष र शहादतले लखन थापा मगर लगायतका जनप्रेमी व्यक्तित्वहरुमा राष्ट्रभक्तिको भावना जागृत भई जंग बहादुरको अत्याचारी शासन विरुद्ध संघर्षमा उत्रने दृढता पैदा भयो। जनविद्रोहको लागि उपयुक्त समयको पर्खाइमा रहेका लखन थापामगर आफ्नो सैन्य सीप र कौशलका कारण वि.सं. १९२५ मा नेपाली सेनाको क्याप्टेन भइसकेका थिए। तर पनि उनलाई नेपाली सेनाको जागिर जंगबहादुरको विरुद्ध जनएकताद्वारा विद्रोह गर्नको लागि वन्धन महसुस भएकाले पद र भौतिक सुविधाको कुनै प्रवाह नगरी वि.सं. १९२७ सालमा आफ्ना मित्र जयसिंह चुमीलाई साथमा लिई घर विदा लेखाएर सेनाको जागिर छाडी गोरखाको बुंकोट काहुले भंगारमा गए। विदा सकियो तर उनीहरु जागिरमा फर्केनन् र जंग बहादुरको शासन विरुद्ध जनताहरुलाई संगठित बनाउने कार्यमा सक्रियतापूर्वक लागे। गोरखाको वुंकोट काहुले भङ्गारमा लखन थापा मगरले स्थानीय जनसमुदायको सहयोगमा एउटा बलियो किल्ला निर्माण गरेका थिए। किल्ला परिसरमा मनकामना माईको प्रतिकात्मक मन्दिर स्थापना गरिएको थियो। उक्त मन्दिरमा दिनहूँ पूजापाठ हुने गर्दथ्यो। लखन थापाले मन्दिरमा पूजापाठका निम्ति आएका जनताहरुलाई एकतावद्ध गरी जंग बहादुरको क्रुर शासन एवम् जनविरोधी कर्तुतहरुको बारेमा जानकारी गराउने र राजनीतिक चेतना प्रदान गर्ने कार्य गर्दथे। बाहिरी रुपमा धार्मिक कार्य भइरहेको भनी प्रचार गरिए पनि भित्र भित्रै जंग बहादुरको अत्याचारी शासन विरुद्ध जनमिलिसिया तयार गर्नेकाम जोडतोडले भै रहेको थियो। लखन

थापाको सुमधुर बोलीबचन, तार्किक क्षमता र असल व्यक्तित्वले गर्दा छोटो समयमानै जंग बहादुरको विरुद्ध धेरै जनताहरु संगठित भैसकेका थिए। लखन थापाले त्यतिवेला संगठित जनतासामु 'म सिद्ध लखन थापाको अवतार हुँ। जंग बहादुरले नेपाल म्लेच्छ (अंग्रेज)लाई बेच्यो। दुनियाँलाई त्राही-त्राही पारिरहेको छ। जंगबहादुरलाई हटाएर नेपालमा सुनौलो प्रजातान्त्रिक युग फिराउ भनी मनकामना माताले मलाई आज्ञा दिएकी छन्, लौ भाई हो तयार होऔँ÷ भन्ने उद्घोष गरेर जंग बहादुरको दमन, अत्याचार र अन्याय विरुद्ध संगठित रुपमा आवाज वुलन्द गर्न जनताहरुलाई उत्प्रेरित गर्दथे। त्यतिवेला धर्म र देवी देवताप्रति आस्था र विश्वास प्रकट गर्ने तत्कालिन नेपाली समाजलाई जनविद्रोहको वृहत अभियानमा सरिक गराउन मनकामनाको प्रसिद्धिलाई पनि रणनीतिक रुपले उपयोग गरिएको थियो। लखन थापाको उक्त रणनीतिक उद्घोषले नेपाली समाजमा गहिरो प्रभाव पार्न सक्यो र जंग बहादुरको विरुद्धमा ठूलो जनमत सिर्जना गर्न सफलता प्राप्त गर्यो। मनकामना र सिद्ध लखन थापाको प्रसिद्धिलाई आफ्नो विद्रोही अभियानमा जनसमर्थन जुटाउन शहिद लखन थापाले रणनीतिक रुपमा प्रयोग गरेका थिए।

एउटै नाम र थर भएका दुई जना लखन थापा मगर नामका व्यक्तित्वहरु नेपालको इतिहासमा चर्चित भएकाले नेपाली समाजमा उनीहरु एकै व्यक्ति हुन् कि भन्ने भ्रम र अन्यौलता समेत रहेको पाइन्छ। तर उनीहरु फरक फरक व्यक्तित्व र योगदानको कारणले नेपालको इतिहासमा प्रख्यात रहेका छन्। मनकामना भगवतीको मन्दिरका प्रथम पुजारी सिद्ध लखन थापा मगर सत्रौं शताब्दीका रामशाहकालिन व्यक्ति थिए। त्यसैगरी जंग बहादुरको निरंकुशता विरुद्ध प्रथम जनविद्रोहको ज्वारभाटा सिर्जना गर्ने प्रथम शहिद लखन थापामगर उन्नाइसौं शताब्दीका जंगबहादुरकालिन व्यक्तित्व हुन्। वि.सं. १९३२ सालमा जंग बहादुरको शासनविरुद्ध एकतावद्ध जनसमुदायले लखन थापालाई प्रधानमन्त्री र जयसिंह चुमीलाई सेनापति घोषणा गर्यो। यो नै जंग बहादुरको सत्ता विरुद्ध नेपाली जनताद्धारा घोषित पहिलो बैकल्पिक सत्ता थियो। इतिहासकार पदम जंग राणाका अनुसार लखन थापाले हात हतियार सहित पन्ध्र सय मानिसहरु एकत्रित गरिसकेका थिए भने राजधानी गएर हमला गर्ने धम्की समेत दिएका थिए। जंग बहादुरको अन्त्य गरेर नेपालको शासन अधिकार हातमा लिई नेपालको इतिहासमा सुनौलो प्रजातान्त्रिक युग आरम्भ गर्ने लखन थापाको योजना थियो। तत्कालिन समयमा सर्वजित थापा क्षेत्री पिपलथोकमा बसी गोरखाको मुद्दामामिला हेर्दथे। उनले गोरखाको बुङ्कोटमा जंग बहादुरको शासन सत्ता विरुद्ध लखन थापाको नेतृत्वमा सशस्त्र जनविद्रोहको तयारी भइरहेको उजुरी जंगबहादुर समक्ष जाहेर गरे। यो सूचना पाएपछि जंगबहादुर क्रुद्ध भए। उनले लखन थापा लगायत उनका सहयोगीहरुलाई पक्रेर काठमाण्डौं ल्याउन भनी कान्छा भाई धीर शमशेरलाई आदेश दिए। आदेश बमोजिम देवीदत्त पल्टनका सैनिकहरु गोरखा पुगी लखन थापाको किल्लालाई चारैतिरबाट घेरा हाले। देवीदत्त पल्टन र लखन थापाको नेतृत्वको विद्रोही सेनाबीच भिडन्त भयो। भनिन्छ त्यो विद्रोह दवाउन धीर शमशेरलाई पनि हम्मे हम्मे परेको थियो। अन्तमा विद्रोहीहरु पक्राउ परे। उनीहरुलाई बाँसको पिंजडामा कैद गरी यातनापूर्वक काठमाडौं पुर्याईयो। इतिहासकार प्रमोद शमशेर राणाका अनुसार विद्रोहीहरु विरुद्ध थापाथली दरबारमा मुद्दा चलाइयो साथै वर्वरतापूर्वक कोर्रा हानी ठूलो यातना दिइयो। लखन थापा र उनका सहयोगीहरुलाई गोरखा बुंकोट स्थित उनीहरुकै किल्ला परिसरको मनकामना मन्दिर अगाडि स्थानीय जनसमुदायको उपस्थितिमा झुण्डयाएर मार्ने फैसला भयो। तर राणा शासक सामु उनीहरु झुकेनन्। लखन थापालाई राणाशासन विरुद्ध जनताहरुलाई राजनीतिक चेतना प्रदान गरेर जनसंगठन गरी राणातन्त्र विरोधी गतिविधि गरेको आरोपमा राजद्रोहको अभियोग लगाइएको थियो। देवीदत्त पल्टनका सैनिकहरुले मृत्युदण्ड सुनाइएका विद्रोहीहरुलाई गोरखा पुर्याए। वि.सं. १९३३ फागुन २ गते सबै भन्दा पहिले विद्रोही नेता लखन

थापालाई गोरखा बुंकोटको आफ्नै किल्ला परिसर भित्र प्रतिस्थापन गरिएको मनकामना मन्दिर अगाडिको खिर्राको बोटमा झुण्ड्याएर मृत्युदण्ड दिइयो। सँगसँगै अन्य विद्रोहीहरुलाई पनि बलीमा चढाईयो। भनिन्छ विद्रोही नेता लखन थापालाई त छाला समेत काढेर वर्वरतापूर्वक झुण्ड्याइएको थियो। नेपालको राजनीतिक इतिहासमा वि.सं. १९२७ देखि १९३३ सम्म जनसंगठन गरी लखन थापाको नेतृत्वमा भएको विद्रोह नै राणातन्त्र विरुद्ध जनस्तरबाट उठेको पहिलो विद्रोह थियो। जुन विद्रोहले जंग बहादुर राणाद्वारा स्थापित एकतन्त्रीय तानाशाही शासनको अँध्यारो कालरात्रीमा अधिकार विहिन अवस्थामा पिल्सिरहेका नेपाली जनताहरुलाई संगठित र राजनीतिक सचेतना प्रदान गरी पहिलो पटक प्रजातन्त्र प्राप्तिको विद्रोहमा सहभागी गराउने सफलता प्राप्त गर्यो। यो यस्तो ऐतिहासिक महत्वको विद्रोह बन्न पुग्यो जुन विद्रोहले राज्यसत्ता माथि अविछिन्न रुपले आफ्नो अत्याचारी र हुकुमी शासनको आधिपत्य कायम राखिराख्न चाहने जंग बहादुर राणाको मुटु हल्लाई दियो। जंगबहादुरको निरंकुश शासन विरुद्ध राजनैतिक दस्तावेज समेत तयार गरी जनताद्वारा बैकल्पिक सत्ता स्थापना गरेर अगाडि बढेको यो सशस्त्र विद्रोहलाई चानचुने मान्न सकिदैन। यस घटनाले नेपाली समाजमा राजनैतिक चेतनाको दियो बाल्ने र प्रजातान्त्रिक आन्दोलनको जग बसाल्ने काम गर्न सक्यो। त्यसैले यस विद्रोहका नायक लखन थापा मगरको बलिदान र योगदानको कदर गर्दै नेपाल सरकारले उनलाई वि.सं. २०५६ मा शहिद घोषणा गर्यो भने वि.सं. २०७२ साल असोज ३ गते औपचारिक रुपले नेपालको पहिलो शहिदको दर्जा प्रदान गर्ने निर्णय गर्यो। हाल संघीयता कार्यान्वयन भए पछि शहिद लखन थापाको नाममा साविकको बक्राङ्ग, मनकामना, ताकलुङ्ग, घैरुङ्ग, बुंकोट र नामजुङ्ग गा.वि.स मिलाएर शहिद लखन गाउँपालिका बनेको छ। निश्चय नै यो पदवी उनको बलिदानी पूर्ण त्याग र जनअधिकार स्थापनाका लागि गरेको कठिन संघर्षप्रतिको सम्मान हो। साथै यो सम्मान लोकतन्त्र र न्यायप्रेमी सम्पूर्ण नेपाली जनताहरुको गौरवको विषय पनि हो।

शहिद लखन गाउँपालिका, गोरखा


## शहिद लखन गाउँपालिकाको पर्यटन चिनारी

परिचयः

नेपालका प्रथम शहिद लखन थापा मगरको नामबाट नामकरण भएको शहिद लखन गाउँपालिका गोरखा जिल्लाको दक्षिण पूर्वी भागमा अवस्थित छ। साबिकको ६ वटा गा.बि.स.हरु (बक्राङ्ग, मनकामना, ताक्लुङ्ग, घैरुङ्ग, बुंकोट र नामजुङ्ग) समावेश रहेको यस गाउँपालिका १४९.०३ वर्ग कि.मि. क्षेत्रफलमा पूर्वमा भिमसेन थापा गाउँपालिका, गण्डकी गाउँपालिका र धादिङ्ग जिल्ला, पश्चिममा तनहूँ जिल्लाको आँबुखैरेनी गाउँपालिका, उत्तरमा भिमसेन थापा गाउँपालिका र गोरखा नगरपालिका तथा दक्षिणमा गण्डकी गाउँपालिका, तनहूँ र चितवन जिल्ला सम्म फैलिएको छ। वि.सं. २०७५ को जनगणना अनुसार २३,०७६ जनसंख्या रहेको यस गाउँपालिकाको मुख्य जातिहरुमा मगर, गुरुङ्ग, नेवार, क्षेत्री, ब्राह्मण र दलित रहेका छन् भने चेपाङ्ग, बराम, माझी, मुस्लिम लगायतका जातिका मानिसहरुको पनि बसोबास रहेको छ।

नेपालका प्रथम शहिद लखन थापाको जन्म स्थल एवं ऐतिहासिक विद्रोही किल्ला रहेको यस गाउँपालिकामा अत्यन्तै प्रसिद्ध मनकामना मन्दिर लगायत त्रिवेणी, बक्रेश्वरी, हिमालामाई, अर्लाङ्दीमाई, भिमविरेश्वर महादेव, कोटकाली, सन्तानेश्वेर महादेव, थानी थान, बर्चुली, बालेश्वरी, जलकन्या मन्दिर र मकैपुर बौद्ध गुम्बा लगायतका धार्मिक तीर्थस्थलहरु रहेका छन्। बुढीगण्डकी, त्रिशुली, दरौंदी र लुदी जस्ता मुख्य नदीहरुको वीचमा अवस्थित यस गाउँपालिकामा ज्यादुल, बहि, जुग्दी, राङ्दी लगायतका नदी किनारमा ज्यादुल फाँट, बराह फाँट, माझिटार, लुदी फाँट, कान्टार, जुग्दी फाँट, कल्लेरी फाँट, गह्रौथली फाँट, सिलिङ्गटार, ठेउवाटार जस्ता उर्भर भूमि र फाँटहरु रहेका छन्। सिद्ध लखन गुफा, शहिद लखन गुफा, फिरफिरे डाँडा, चुलेभिर जस्ता सुन्दर प्राकृतिक स्थल रहेको यस गाउँपालिकाका विभिन्न भू(भागहरुबाट सूर्योदय र सूर्यास्तको साथै अन्नपूर्ण, मनासलु, गणेश हिमालका मनोरम दृश्य अबलोकन गर्न सकिन्छ। सांस्कृतिक हिसाबले मगर, गुरुङ्ग, चेपाङ्ग, माझि लगायतका समुदायका परम्परागत भेषभूषा, भाषा र संस्कृतिको अनुभव गर्न पाउनु यस गाउँपालिकाको अर्को महत्वपूर्ण विशेषता हो।

**मनकामना माईको मन्दिरः**



गोरखा जिल्लाको शहिद लखन गाउँपालिका वडा नं. २ मा रहेको मनकामना माईको दर्शन गर्नाले चिताएको ईच्छा (मनोकांक्षा) पूरा हुने धार्मिक विश्वास रहेको छ। धार्मिक कथा अनुसार गोरखाका राजा राम शाहकी रानी कलावती मनकामना माईको अवतारको रुपमा उत्पत्ति भएको जनविश्वास रहेको छ। सिद्ध लखन थापाले मनकामना माईको पहिलो पुजारीका रुपमा पूजापाठ आरम्भ गर्नुभएको विश्वास गरिन्छ भने हाल उनैका सन्तति ईन्शान थापा मगर मूल पूजारी रहेका छन्। प्यागोडा शैलीमा निर्मित मनकामना माईको पूरानो मन्दिर सत्रौ शताब्दीमा बनेको मानिन्छ। वि.सं. २०७५ मा जिर्णोद्वार सम्पन्न गरिएको मन्दिरको छानो सुनको जलपद्वारा सुन्दर र आकर्षक ढंगले बनाइएको छ।

समुन्द्री सतहदेखि १३०३ मिटरको उचाईमा रहेको यो मन्दिरको परिसरबाट दक्षिण तिर महाभारत लेक र छिम्केश्वरी डाँडाका साथै उत्तरी भागमा अन्नपूर्ण हिमाल र मनासलु हिमालका मनमोहक दृश्य देख्न सकिन्छ। चितवनको इच्छाकामना गाउँपालिकाको कुरिनटार देखि केबलकारबाट मनकामना मन्दिरसम्म जान सकिन्छ। तनहुँको आँबुखैरेनी, गोरखा तर्फ रामशाहघाट, अँवुवा, गोरखा बजार लगायतका सडक मार्ग एवं पैदलमार्गहरुबाट पनि मनकामना मन्दिर पुग्न सकिन्छ।

**प्रथम शहिद लखन थापा मगरको ऐतिहासिक किल्लाः**



शहिद लखन गाउँपालिका वडा नं. ७ बुंकोट, काहुले भंगारमा नेपालका प्रथम शहिद लखन थापा मगरको जन्मस्थान, विद्रोही किल्ला एवं राणा शासनका प्रवर्तक जंग बहादुर राणाको आदेशमा उनलाई झुण्ड्याएर मृत्यु दण्ड दिइएको ऐतिहासिक महत्वको किल्ला रहेको छ। यो किल्ला गोरखाको सदरमुकामबाट १२ कि.मि. दक्षिण पूर्वी भागमा अवस्थित रहेको छ।



जंगबहादुर राणादारा सूत्रपात गरिएको तत्कालिन जहानियाँ निरंकुश राणा शासन ब्यवस्थाको विरुद्ध लखन थापाको नेतृत्वमा विद्रोही अभियान संचालनका क्रममा वि.सं. १९२७ तिर जनताहरुको सहयोगमा यो किल्ला निर्माण गरिएको थियो। तत्कालिन समयमा सामरिक हिसाबले गढीको स्वरुपमा निर्माण गरिएको यस किल्ला परिसरमा वि.सं. २०६० सालमा लखन थापा मगरको शालिक निर्माण गरिएको छ। किल्ला क्षेत्रमा लखन थापाले समेत पूजेको र हाल स्थानीयहरुले वर्षेनी पुसको पहिलो पंचमीमा विशेष पूजा गर्दै आएको भँयरी थान र लखनको नेतृत्वमा गठन गरिएको विद्रोही जनसेनालाई तालिम दिने गरिएको परेड मैदान रहेको छ।



उक्त किल्ला परिसरमा किल्लाको भग्नावशेष, कुँदिएका विभिन्न स्वरुपमा शिलाका साथै तत्कालिन समयमा प्रयोग गरिएका तरवार लगायतका केही पुराना हातहतियार समेत अवलोकन गर्न पाईन्छ।

**भिमविरेश्वर महादेव मन्दिरः**



भिमविरेश्वर महादेव मन्दिर नेपालका प्रथम प्रधानमन्त्री श्री भिमसेन थापाद्वारा ज्यादुल खोला, मस्टे खोला र वुढी गण्डकी नदीको संगमस्थल त्रिवेणी वुंकोट घाटमा वि.सं. १८८८ मा स्थापना गरिएको हो। शिखरा शैलीमा निर्मित यस मन्दिर सप्तकोणमा अवस्थित छ त्यसैले यसलाई सत्तल पनि भन्ने गरिन्छ। पूरै कम्पाउण्डले घेरिएको मन्दिर भित्र पस्न मूल ढोकाको निर्माण गरिएको साथै मन्दिरको चारै पट्टी गजुर रहेको र यसको वीचमा सुनको जलपले जडित मूल गजुर रहेको छ। मन्दिरमा रहेका दश वटा घण्टहरु पञ्चरत्नले जडिएका छन्। महाशिवरात्री, हरिवोधनी एकादशी र मन्दिरको जन्मदिन यहाँ ठूलो मेला लाग्ने गर्दछ। एक मूल पुजारी र दुई सहायक पुजारी रहने व्यवस्था भएको यस मन्दिरमा पाले, पौवाली, नगरची, भण्डारी

जस्ता कर्मचारी रहेका छन्। हाल यस मन्दिरको पूजा आजा नाम्जुङ्ग धुसेनीका श्री राम प्रसाद दवाडीले गर्दै आएका छन्। २०३८ सम्म नीजि गुठी मार्फत संचालित यस मन्दिर २०३८ पछि राज गुठीमा परिणत भएको छ। धादिङ्ग जिल्लाको साविक खरि, चैनपुर र ढोला गा.वि.सं. तथा गोरखा जिल्लाको साविक  नाम्जुङ्ग, फुजेल, वोर्लाङ्ग, वुंकोट र अश्राङ गा.वि.सं.मा यस गुठीको नाउँमा ७३७६(०(३(०  क्षेत्रफलको जग्गा रहेको छ। हाल यस मन्दिर जिर्ण अवस्थामा रहेको छ। वूढी गण्डकी जलविद्युत परियोजनाका कारण यस मन्दिर डुवानमा पर्ने भएकाले नाम्जुङ्ग कै उपयुक्त स्थानमा पूरातात्विक तथा ऐतिहासिक महत्व झल्कने गरी यसको पुरानै शैली र स्वरुपमा मन्दिर निर्माण गर्ने गुरुयोजना तयार गरिएको छ।



**हिमालय देवी मन्दिरः**

एक जना किसानले बारीमा हलो जोत्दा ढुङ्गाबाट रगत बगेको देखेछ र उसलाई राती सपनीमा आफू हिमालयको काखमा खेल्ने देवी भएको र यहाँ शीलाको रुपमा प्रकट भएको बताएछ। त्यसपछि त्यहाँका स्थानीयहरुले मन्दिर बनाई पूजा आजा गर्न थालेको किंवदन्ती रहेको हिमालयमाईको मन्दिर शहिद लखन गाँउपालिका वडा नं. ६, घैरुङ्ग, पिपलछापमा अवस्थित रहेको छ। यहाँ माघे सक्रान्तिको दिन विशेष मेला लाग्ने गर्दछ।आफ्नो भाकल पूरा गर्न टाढा टाढा देखि फूलको डोली ल्याउने प्रचलन रहेको छ। गुरुङ्ग जातिको पूजारी रहेको यस मन्दिरमा दैनिक पूजा आजा गरिनुका साथै विशेष पूजा लाग्ने गर्दछ। यहाँ माघे सक्रान्ति मेलामा कृषि प्रदर्शनी हुनाका साथै गोरु जुधाई कार्यक्रम भव्य रुपमा हुने गर्दछ।

**कोटकाली मन्दिरः**



शहिद लखन गाउँपालिका वडा नं. ८, बुंकोटमा अवस्थित कोटकाली मन्दिरको सम्बन्ध गोरखाको कालिका मन्दिर सँग रहेको छ। फूलपातिका दिन कालिका मन्दिरबाट ल्याइएको फूलपाती यस कोटकाली मन्दिरमा  चढाएर बुढीगण्डकी नदी तारी धादिङ्ग हुदै काठमाडौंको हनुमानढोकामा भित्राउने परम्परा रहेको पाईन्छ। पृथ्वी नारायण शाहको नेपाल एकीकरण अभियानमा सहयोग पुर्याउन हातहतियार सुरक्षित साथ राख्न र बुढिगण्डकी तरी आउने बैरीहरुबाट गोरखा राज्यलाई बचाइ राख्न यस कोटको निर्माण गरेकाले ऐतिहासिक महत्व रहेको पाईन्छ। सुँगुरको वली दिईने यस मन्दिरमा मगर पूजारी रहेको र नवरथा भरी विशेष पूजा हुने र अष्टमीमा मेला लाग्ने गर्दछ। प्राकृतिक शिला माथि देवीको आकृतीजन्य चित्र रहेको यस मन्दिरको विशेष महत्व रहेको छ।



**बर्चुली थानः**

शहिद लखन गाउँपालिका वडा नं. ९ नामजुङ्गका अवस्थित बर्चुली थानको मन्दिर सालको रुखहरुको विचमा रहेको छ। आदिम कालमा स्थानीय बराम जातिका कन्या हराएकोले खोज्दै जाँदा रुखको छहारीमा बनदेवी भई प्रकट भएकोले त्यहीँ थान बनाई पूजाआजा गर्न थालिएको र आजसम्म पनि उक्त देवी थानको छानो राख्न नमिल्ने धार्मिक विश्वास रहेको छ। दशैंको फूलपाती र अष्टमीका दिन विशेष पूजा र जात्रा लाग्ने यस मन्दिरमा वर्षको एक पटक बराम जातिले सुंगुरको वली दिएर पूजा गर्ने गर्दछन्।

**अर्लाङ्दीमाई मन्दिरः**



शहिद लखन गाउँपालिका वडा नं. ४ ताक्लुङ्गमा अवस्थित अर्लाङ्दी देवी मन्दिर परापूर्व काल देखि नियमित पूजाआजा चल्दै आएकोमा २०१५ देखि २०२५ साल सम्म घाँगा मगरहरुले र २०२५ साल देखि हालसम्म बैदार परिवारको नेवारहरुले पूजारीको रुपमा काम गर्दै आएका छन्। २०३८/३९मा स्थानीय समुदायको श्रमदान र समाजसेवी तमान थापा मगरले जस्तापाता सहयोग गरी मन्दिर निर्माण गरिएको छ। धार्मिक किम्बदन्ति अनुसार मनकामना माई, बक्रेश्वरी, छिम्केश्वरी, ईच्छाकामना र अर्लाङ्दीदेवी दिदी बहिनी हुन् भन्ने विश्वास गरिन्छ।



**बक्रेश्वर महादेव मन्दिरः**

मनकामना मन्दिरको उत्तरमा रहेको महाभारत पहाड खण्डको बीचमा लाली गुँरास फूलको वृक्षहरु रहेको जंगलको बीचमा ठूलो शिलाको रुपमा रहेको बक्रेश्वर महादेव मन्दिर यहाँको प्रसिद्ध मन्दिरहरु मध्ये पर्दछ। चारै तिर पर्खालले घेरिएको खुला आकाशमा महादेव र पार्वतीको अग्लो शिला सम्भवत नेपालको सबै भन्दा ठूलो शीला भएको देवता हो। सँगै रहेको बाक्यश्वरी देवीको शीला तथा अन्य देवी देवताको प्रतिविम्ब तथा गरुण, नागनागिनीहरुको प्रतिविम्बलाई पूजा गर्न पाईने यो यस क्षेत्रको प्रसिद्ध धार्मिक स्थल हो। बच्चाहरुको वाक्य छिटो फुटोस्, शूद्ध स्पष्टसँग बोल्न सकुन् भनी बच्चाहरुलाई दर्शन गराउने परम्परा रही आएको छ। मनकामना मन्दिर देखि २ कि.मि.को दुरीमा रहेको यस मन्दिरमा पैदल हिँडेर ३० मिनेट तथा गाडीबाट पनि जान सकिन्छ। क्षेत्री पूजारीबाट दैनिक पूजा गरिने यस मन्दिरमा हरितालिका तिज, श्रावण महिनाको सोमबार, बालचतुर्दशी, शिवरात्रीमा भक्तजनहरुको ठूलो भिड लाग्दछ।

**त्रिवेणी भगवती मन्दिरः**

गोरखा जिल्लाको दक्षिणमा सबैभन्दा होचो भू-भागमा अवस्थित त्रिवेणी मन्दिर गोरखा, चितवन, तनहुँ जिल्लाको सिमानामा रहेको हिमालबाट बगेर आएको मस्र्याङ्दी र त्रिशूलीको संगम स्थल हो। चितवनको मुग्लिङ्ग बजारदेखि पारिपट्टि उत्तरमा रहेको फाँटमा करङको ठूला ठूला वृक्ष रहेको जंगलको विच सानो जल कुण्डको रुपमा रहेको त्रिवेणी भगवतीलाई मनकामना माईको बहिनीको रुपमा पुजिने गरिन्छ। स्नान गरी त्रिवेणीको जल मनकामना भगवती र बक्रेश्वर महादेवमा चढाउनुलाई ठूलो पुण्य कार्यमा लिने गरिन्छ। कार्तिकको हरि बोधनी एकादशीको दिन त्रिवेणीमा स्नान गरी बत्ती वगाउने, पूजा आजा गर्ने भक्तजनहरुको ठूलो मेला हुने परम्परा छ। यस पुण्य भूमिमा देवी देवताहरु पनि स्नान गर्ने, सभा बस्न आउथे भन्ने किंवदन्ती छ। गोरखाका राजा राम शाहकी रानी बाघमा सवार भई यही स्थानमा आउथिन् भन्ने भनाई अझै पनि यस क्षेत्रमा लोकप्रिय छ।




**सिद्ध लखन थापा गुफाः**

मनकामना मन्दिरको उत्तरमा देखिने महाभारत खण्डको १६७५ मिटर अग्लो पहाडको शीर्ष भागमा ठूलो ढुङ्गाको वीचमा रहेको भीमसेनपातीको रुख सँगै ऐतिहासिक ओडारलाई सिद्ध लखन थापा गुफा भनेर चिनिन्छ। बक्रेश्वरी मन्दिर देखि ५०० मीटरको दुरीमा अवस्थित यस गुफाको आफ्नो ऐतिहासिक महत्व रहेको छ। सिद्ध लखन थापा आफ्नो उत्तराद्र्घमा काशी तीर्थ गर्न गएको बखत धेरै समय नआउदा सन्तानहरुले हाम्रा लखन उतै परलोक भए होलान् भनि उनको काजक्रिया गरि चेलिवेटी आफ्नो काम सकेर फर्कने क्रममा तिउरे भञ्याङ्गमा लखन थापालाई भेटी सम्पूर्ण बेली विस्तार गर्दा आफ्नो सन्तानहरुले गरेको कार्यहरुबाट रुष्ट हुँदै त्यहाँबाट फर्किनु भयो। उनले टेक्ने भीमसेनपातीको लठ्ठीको आधारमा यहिँ अल्पेको हो भन्ने जनश्रुति अनुसार यहाँ हरेक वर्ष देवी जात्रा पूर्णिमाको दिनमा ल्हायो थरका मगरहरुले आफ्नो कूलको रुपमा लखन थापालाई मानी भव्यताको साथ पञ्चेबाजा बजाउदै लावा लस्करका साथ कूल देवताको पूजा गर्ने प्रचलन छ।






**शहिद लखन थापा गुफाः**

प्रथम शहिद लखन थापा मगरको किल्ला देखि ५०० मिटरदक्षिण पूर्वी भागमा शहिद लखन थापा गुफा रहेको छ। धेरै पहिले पत्ता लागेको भएपनि स्थानीयहरु भित्र प्रवेश गर्न डराउने गरेको कारणले यो गुफाबारे लामो समयदेखि उजागर हुन सकेको थिएन। यो गुफाको ऐतिहासिकता नेपालका प्रथम शहिद लखन थापा मगरको विद्रोह सँग जोडिएको छ। करिब ५० मिटर लम्बाई रहेको यो गुफा वस्ती क्षेत्रबाट केही टाढाको दुरीमा पहाडमुनि अवस्थित छ। कठिन हिसाबले मानिसहरु ओहोर दोहोर

गर्न सकिने यो गुफा भित्र लखन थापाको नेतृत्वमा चलेको पहिलो जनविद्रोहको सिलसिलामा गोप्य हिसाबले महत्वपूर्ण बैठक बस्ने र जनयुद्धका रणनीतिहरु बनाउने स्थलको रुपमा प्रयोग हुने गरेको विश्वास गरिन्छ।

**सन्तानेश्वर महादेव मन्दिरः**



शहिद लखन गाउँपालिका वडा नं. ८ बुंकोटमा अवस्थित सन्तानेश्वर महादेवको मन्दिर वि.सं. १९५८ मा स्थानीय भण्डारी परिवारले स्थापना गरेको बताईन्छ। वि.सं. २०७५ मा पुनर्निर्माण सम्पन्न गरिएको यस मन्दिरमा दर्शन गर्नाले सन्तान नभएकाको सन्तान प्राप्ति हुने र परिवारमा सुख शान्ती मिल्ने जनविश्वास रहेको छ।



**जलकन्या माईको मन्दिरः**


शहिद लखन गाउँपालिका वडा नं. ७ मा अवस्थित जलकन्या माईको मन्दिर शहिद लखन थापाको किल्ला देखि करिब ६०० मिटर दक्षिण पूर्वमा अवस्थित छ। विशेष गरी घैरुङ्ग, नामजुङ्ग र बुंकोटका स्थानीय जनताहरुले नियमित रुपमा पूजाआजा गर्ने गरेको यस मन्दिरमा दर्शन गर्नाले परिवारमा सुख शान्ति मिल्ने र लामो खडेरी परेको समयमा विशेष पूजा गर्नाले जलकन्या देवी खुशी भई वर्षा गराइदिने जनविश्वास रहि आएको छ। धार्मिक कथन अनुसार प्राचीन समयमा त्यस क्षेत्रमा पोखरीको वीच भागमा एउटा ठूलो शिला रहेको र वि.क. थरका मानिसहरुले सो शिला फुटाउँदा रगत आएको र सपनामा आफू जलकन्या देवी रहेको बताए पश्चात स्थानीयहरुले मन्दिर बनाई नियमित रुपमा पूजा संचालन गर्ने गरेको बताइन्छ। जलकन्यादेवीका साथै मन्दिरको भित्र माथिल्लो भागमा महादेवको पूजा गरिने यस मन्दिरमा छानो लगाउन नहुने विश्वास अनुसार हालसम्म पनि छानो बनाईएको छैन। जलकन्या खोला, छाँगे खोला लगायतका खोला र सानो जंगलका बिचमा रहेको यस मन्दिरको वरपर शीतल, शान्त र प्राकृतिक वातावरणको प्रत्यक्ष अनुभव गर्न सकिन्छ।

**वेतेनी सामुदायिक होमस्टेः**



शहिद लखन गाउँपालिका वडा नं. २ मा अवस्थित यस वेतेनी सामुदायिक होमस्टे २०६७ सालमा वेतेनी दीगो पर्टन विकास ब्यवस्थापन समितिबाट सुरुवात गरिएको हो। यहाँ मगर जातिको बाहुल्यता भएकाले मगर भेषभूषा र मगर समुदायको पहिचान झल्कने परम्परा देखि नै चली आएको चुड्का, कौरा र घाँटु लगायतका नृत्यबाट मनोरञ्जन लिन सकिन्छ। मनकामना माईको मन्दिरबाट १५ मिनेटको पैदल दुरीमा पुगिने यस होमस्टेबाट मकैसिङ्ग, ताक्लुङ्ग, छिम्केश्वरी,

इच्छाकामना, मनकामना केबलकार लगायतका मनोरम दृश्यहरुको पनि अवलोकन गर्न सकिन्छ। (अध्यक्षः लिला बहादुर राना, ९८४६०८९३९९)



**शहिद लखन सामुदायिक होमस्टेः**

प्रथम शहिद लखन थापा मगरको ऐतिहासिक किल्ला रहेको स्थान शहिद लखन गाउँपालिका वडा नं. ७, बुंकोट, काहुले भंगारमा वि.सं. २०७५ साल देखि ***"शहिद लखन सामुदायिक होमस्टे"*** संचालनमा रहेको छ।मगर समुदायको बाहुल्यता रहेको यस गाउँमा विशेष गरी मगर भाषा, भेषभूषा, संस्कृति र रीतिरिवाजको प्रत्यक्ष अनुभव गर्न सकिन्छ। सूर्योदयको साथै यस गाउँबाट मनासलु हिमाल र गणेश हिमालको मनमोहक दृश्यावलोकन गर्न सकिन्छ।। यस गाउँबाट करिब ५०० मिटर दक्षिण तर्फ रहेको जलकन्या देवीको मन्दिर र लखन थापा गुफा तथा लखन थापा सँगै झुण्ड्यार मारिएका अर्को सहयात्री शहिद जैसिङ्ग चुमी मगरका छोरा र उनका परिवारलाई लुकाएर राखिएको झाँक्री पहरा र रानिश्वाँरा गाउँ यहाँका भ्रमण गर्न लायक पर्यटकीय गन्तब्यहरु हुन्। होमस्टे नजिकै रहेको साना जंगल क्षेत्र तथा जलकन्या खोला र छाँगे खोलाको रमणीय झरनाबाट यहाँ पुग्ने पर्यटकहरुले शान्तिको अनुभूति लिई मनोरञ्जन समेत प्रप्त गर्न सक्दछन्।
(अध्यक्षः राज कुमार आले, ९८४६०५६९३३)



**झाक्री पहरा सामुदायिक होमस्टे तिनघरेः**

शहिद लखन गाउँपालिका वडा नं ६ घैरुङ्ग रानिश्वारा तिनघरेमा झाक्री पहरा सामुदायिक होमस्टे संचालन प्रक्रियामा अघि बढेको छ। नेपालका प्रथम शहिद लखा थापा र जय सिंह चुमी मगरलाई झुण्ड्याएर मारेपछि उनका आफन्तहरु निरंकुश सत्ताको दमनबाट बच्न सोती वनमा अवस्थित झाक्री पहरामा लुकेर बचेको इतिहास छ। यसका साथै यस पहरामा वन झाक्री बसेको किंवदन्ती पाइन्छ। त्यही आदिम किवंदन्ती र इतिहासलाई जीवन्त राख्न यहाँको होमस्टेको नाम झाक्री पहरा सामुदायिक होमस्टे राखिएको हो। यस गाउँमा २९ घर मगर समुदायको बसोबास रहेको छ। यहाँबाट हिमाली दृश्यहरुको अवलोकन गर्नुका साथै शहिद समृति पार्क, घोप्टे ओढार,भालुखोला सोती सामुदायिक वन, झाक्री पहरा आदिको अवलोकन गर्न सकिन्छ। (अध्यक्षः नेत्र बहादुर थापा, ९८४६७२७९२०)

**मकैपुर बौद्ध गुम्बाः**




शहिद लखन गाउँपालिका वडा नं. ७ मा अवस्थित ऐतिहासिक तथा धार्मिक महत्व बोकेको गुम्बा हो। बौद्ध धर्मालम्बि गुरुङ्ग समुदायद्वारा स्थापना गरीएको यस गुम्बामा दैनिक पूजाआजा गरिनुका साथै तमु ल्होसारको अवरसमा विशेष पूजाका साथै मेला पनि लाग्ने गर्दछ।



**चुलीभिर भ्यूपार्क शहिद लखनः**

गाउँपालिका वडा नं. ६ घैरूङ्गको शिरमा अवस्थित चुलीभिर भ्यूपार्क पर्यटकीय गन्तव्यको रुपमा विकास हुँदै गईरहेको छ। यस ठाँउबाट गोरखा बजार, गोरखा, धादिङ्ग, चितवन, तनहुँ र लम्जुङ्ग जिल्लाका अन्य



रमणीय स्थानहरुका साथै उत्तर तिरका मनासलु, अन्नपूर्ण, माछपुच्छ्रे, गणेश हिमाल लगायतका मनोरम हिमाली दृश्यहरु अवलोकन गर्न पाईन्छ। समुद्री सतह देखि करिब १४६० मि.को उचाईमा रहेको यस ठाउँ आन्तरिक तथा बाह्य पर्यटकहरुको आकर्षणको केन्द्र बन्दै गईरहेको छ। यहाँ गाउँपालिका, गण्डकी प्रदेश सरकार र नेपाल पर्यटन बोर्डको आर्थिक सहयोगमा पिकनिक स्पोर्ट, भ्यू पोईन्ट तथा त्यहाँ सम्म जाने सिढी बाटोको निर्माण कार्य भईरहेको छ।

**सिद्ध लखन भ्यू टावरः**




शहिद लखन गाउँपालिका बक्रेश्वरी थानडाँडामा सिद्धलखन भ्यूटावरको निर्माण भएको छ। गण्डकी प्रदेश पर्यटन, उद्योग वाणिज्य तथा आपूर्ती मन्त्रालयको सहयोगमा आ.व. २०७६।०७७ मा भू तथा जलाधार व्यवस्थापन कार्यालय दमौली र आ.व. २०७७।०७८ मा डिभिजन बन कार्यालय गोरखा को योजना सञ्चालनमा श्री कृष्ण बहादुर दर्लामीको अध्यक्षतामा रहेको उपभोक्ता समिति मार्फत् निर्माण कार्य सम्पन्न भएको हो। गण्डकी प्रदेश पर्यटन, उद्योग वाणिज्य तथा आपूर्ती मन्त्रालयको रु. ४३,५४,२७१ र जनश्रमदान रु. ८,००,००० गरी कूल ५१,५४,२६१ रुपैंयाको लागतमा निर्माण गरिएको हो। समुद्री सतह देखि करिब १६७५ मिटरअग्लो स्थान (गाउँपालिकाको सबै भन्दा उच्च स्थान) रहेको यस भ्यूटावर राजा राम शाहका रानी कलावतीका सहयोगी सिद्धलखन थापाको सम्मानमा गाउँपालिकाद्वारा सिद्धलखन भ्यूटावर भनि नामकरण गरिएको हो। सिद्धलखन थापा गुरु गोरखनाथद्वारा सिद्दिप्राप्त गरेका व्यक्ति हुन्। यस ठाउँमा उनी अलपिएको सिद्धलखन गुफा र प्रसिद्धबक्रेश्वरी मन्दिर पनि रहेको छ जहाँ दर्शन गर्नाले बोली नफुटेका बालबालिकाहरुको बोली आउने जनविश्वास समेत रहेको छ।

**शहिद लखन गाउँपालिका भित्रका शहिद तथा बेपत्ताहरुको विवरण**

**क) शहिदहरुको विवरण**

| क्र. सं. | शहिदहरुको नामवली | ठेगाना | शहादत मिति |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | लखन थापा मगर | श. ल.गा.पा. ७, बुंकोट, काहुले भंगार | १९३३।११।०२ |
| २ | जय सिंह चुमी राना मगर | श. ल.गा.पा. ७, बुंकोट, काहुले भंगार | १९३३।११।०२ |
| ३ | राम बहादुर अर्याल | श.ल.गा.पा. १, बक्राङ्ग, पुरानो गाउँ | २०५६।०१।०८ |
| ४ | रामजी घर्ती मगर (शैलेस) | श.ल.गा.पा. १, बक्राङ्ग, भोगटेनी | २०५८।१०।२९ |
| ५ | रामशरण अर्याल (नविन) | श.ल.गा.पा. १, बक्राङ्ग, भोगटेनी | २०५९।०५।०५ |
| ६ | श्रीराम खनाल (सन्देश) | श.ल.गा.पा. ४, ताक्लुङ्ग, चालिसे | २०५८।१०।२२ |
| ७ | श्री कृष्ण लामिछाने (अविनास) | श.ल.गा.पा. ९, नामजुङ्ग, चिहान डाँडा | २०५९।०७।२८ |
| ८ | सुरेश कुँवर (शुशील) | श.ल.गा.पा. ६, घैरुङ्ग, अधेरी | २०६०।०९।२९ |
| ९ | केशर बहादुर आले (अर्पण) | श.ल.गा.पा. ६, घैरुङ्ग, तीनघरे | २०६१।०६।२७ |
| १० | रामकृष्ण श्रेष्ठ (प्रलय) | श.ल.गा.पा. ६, घैरुङ्ग, अधेरी | २०६१।१०।२० |

**ख) बेपत्ताहरुको विवरण**

| क्र. सं. | बेपत्ताहरुको नामवली | ठेगाना | बेपत्ता मिति |
|---|---|---|---|
| १ | लीला खनाल (बिन्दु) | श.ल.गा.पा. ७, बुंकोट, तिवारी गाउँ | २०५५। ०७। ०९ |
| २ | गीता थापा (प्रगती) | श.ल.गा.पा. ६, घैरुङ्ग, तीनघरे | २०५५। ०९। ०६ |

शहिद लखन गाउँपालिका, गोरखा